फोन नं. : ०६७ ४३०१०२/१०३

# फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खानीगाउँ, पर्वत

## नयाँ वर्ष २०७८ सालको हार्दिक शुभकामना ।

नयाँ वर्ष २०७८ सालको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पुर्ण नेपाली दाजुभाई तथा दिदिवहिनीहरुमा सुखशान्ति, समृद्धि एवं दीर्घायूको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

नयाँ वर्ष सुखी र खुसी, आपसी सदभाव, दिगो विकास र आर्थिक समृद्धिको वर्ष हुने विश्वास लिएको छु । नयाँ वर्ष जीवन र जगतमा नयाँ योजना, नयाँ काम, नयाँ सोच र बिचार सहित सहज जीवनयापनको वर्ष हुने आशा लिएको छु । पुन महामारीको रुपमा फैलिएको कोरोना भाइरसलाई नियन्त्रण गर्ने, परास्त गर्ने, जस्तोसुकै चुनौतीको सामना गर्न सक्ने, प्रतिकुल परिस्थितिलाई अनुकुल वनाउन सक्ने आत्मविश्वास र उच्चमनोवल सहितको क्षमता विकास हुने अपेक्षा लिएको छु ।

न्युन पूर्वाधार, यातायातको कठिनाई, कठिन भौगोलिक अवस्था, अस्तव्यस्त सामाजिक संरचना, नैतिक शिक्षाको अभावका विचमा पूर्वाधार विनाको आकाशमुनिवाट कार्य सञ्चालन शुरु भएको नयाँ नगरपालिका भएको हुंदा यहाँहरुका सवै इच्छा, चाहाना र अपेक्षा पुरा हुन नसकेता पनि नगरवासीहरुको हरेक समस्यामा यहाँहरुको साथमा नगर कार्यपालिका रहेको छ ।

नगर कार्यपालिकाले अगाडी सारेका मोटर वाटोको मापदण्ड तयार गरी वाहिरी चक्रपथ, भित्र चक्रपथ, केन्द्र चक्रपथ, लिङ्करोडले नगरका मुख्य वस्तीको ५ मिनेटको दुरीमा सडक सञ्जालीकरण, सडकको स्तरवृद्धि, कालोपत्रे, पुलपलेसा निर्माण तथा मझौला सिंचाई, एक घर एक धारा खानेपानी सुविधाको शुरुवात, नमुना विद्यालय व्यवस्थापन, विद्यार्थीलाई दिवा खाजा, प्रविधिमैत्री शिक्षा, सुरक्षित नागरिक आवास, साना सामुदायिक विद्युतीकरण तर्फ काठका पोल फलामे पोलमा रुपान्तरण, वडा कार्यालय निर्माण, स्वास्थ्य चौकीको स्तरवृद्धि तथा भवन निर्माण, क्लिन फलेवास ग्रिन फलेवास अभियान, विपन्न वर्गका श्रमिकहरुको लागि श्रमिक कल्याण कोष मार्फत श्रमिक पेन्सन योजनाको कार्यान्वयन, विरुवा हाम्रो फल तपाईको, टनेल हाम्रो उत्पादन तपाईको कार्यक्रम, विपन्न आयआर्जन कार्यक्रम, एक वार्ड एक महिला उद्योग, एक वार्ड एक घरेलु औजार उद्योग, एक वार्ड एक पशु फार्म, एक वार्ड एक कृषि फार्म, वृहत कृषि फार्म, एक घर एक उद्यम विकास, वाँझो जमिनमा खेती गर्ने किसानलाई प्रोत्साहन गर्दै उत्पादन र उत्पादकत्व वृद्धि, कृषकहरुलाई प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम, मनमोहन शान्तिवाटिका निर्माण, डहरे क्षेत्रमा ओपन जू, खुममा मगर होमस्टे, पदमार्ग निर्माण, मठमन्दिर निर्माण, चौतारी पोखरी निर्माण, विपद व्यवस्थापन र ४६ भन्दा वढि कानुन निर्माण गरी नगरवासीलाई स्थानीय सरकारको प्रत्याभुति दिईरहेका छौं ।

**अन्तमा,**

सवै नागरिकहरुलाई आफ्नो दायित्व र कर्तव्यलाई बृहत्तर हितमा केन्द्रित हुन समृद्धि सँगै समाजलाई सभ्य, शान्तिपूर्ण, मानवतापूर्ण, मित्रतापूर्ण, सुसंस्कृत र शिक्षित समाजका रुपमा विकास गर्ने अभियानमा हातेमालो गर्न अनुरोध गर्दै दिगो विकास र नगरको सर्वाङ्गीण विकासका लागि नगर कार्यपालिका यहाँहरुको साथमा रहेको प्रतिवद्धता व्यक्त गर्दछौं ।

मिति : २०७८ साल वैसाख १ गते

पदमपाणी शर्मा
नगर प्रमुख